# बैशाख-जेठमा गर्नुपर्ने कृषि कर्महरु

## चैते धान खेती

फाल्गुन चैत्र महिनामा लगाएको चैते धानलाई यस समयमा सिंचाई राम्ररी दिनुपर्दछ । सिंचाई गर्दा धान पाक्नु भन्दा केही दिन अघिसम्म ५ से.मी. जति पानी धान खेतमा भईरहनुपर्दछ । यस समयमा चैते धान रोपेको ४०-५० दिनपछि गोडमेल गरी युरिया मलले टमड्रेस गर्नुपर्दछ । रासायनिक मल प्रयोग गर्दा माटो जचाई माटोको जाँचको आधारमा प्रयोग गरेमा बढी उपयोगी हनु जानेछ । जस्ताको zink कमी देखिएमा धानको तल्लो पातहरुमा खैरो कत्था रंगको थोप्लाहरु देखिन्छन् र  ती पातहरुपछि सुकेर जान्छन् । यस्तो अवस्थामा ५ के.जी. जिङ्क सल्फेट र २.५ के.जी. कृषि चून १००० लिटर पानीमा मिसाई एक हेक्टरमा (३० कट्ठा वा २० रोपनी) छर्कनुपर्दछ ।

पतेरो कीरा देखापरेमा ५% को मालाथिन धुलो २०-२५ के.जी. प्रति हेक्टरका दरले हावा नलागेको वेला विहानको समयमा छर्कनुपर्दछ । अरु कीराहरु देखा परेमा १ लिटर पानीमा १ मि.ली. मेटासिड र १ मि.ली. मेटासिष्टक्स प्रति २० वर्ग मिटरका दरले प्रयोग गर्ने अर्थात प्रति रोपनी २५ लिटर पानीमा २५ मि.ली. मेटासिड र २५ मि.लि. मोसिष्टक्स वा प्रति कठ्ठा १६ लिटर पानीमा १६ मि.लि. मेटासिड र १६ मि.लि. मेटासिष्टक्स मिसाइ छर्कनुपर्दछ ।

## मकै खेती :

पहाडी क्षेत्रहरुमा वर्षे मकै फागुन चैत्रमा लगाइन्छ । फागुन चैत्रमा लगाइएको मकैलाई यस समयमा गोडमेल गर्ने, झारपात हटाउने र छाँट्ने काम गरिन्छ । मकै छरेको १ महिना भित्र गोडमेल गरिएन भने उव्जनीमा ह्रास आउँछ । मकैलाई सकेसम्म २ पटक झारपात उखेली उकेरा दिनुपर्दछ । मकैको उचाई घुँडासम्म आएपछि झारपात हटाई सिफारिस गरेको नाइट्रोजन मलको आधा भाग साइड ड्रेस गरेर दिनुपर्दछ । अझ सम्भव भए सिफारिस गरेको नाइट्रोजन मलको चौथाई भाग मकै घुँडा घुँडासम्म भएपछि दिने र बाँकी अर्को चौथाइ भाग धान चमरा निस्कने बेलामा दिएको खण्डमा उत्पादन राम्रो हुन्छ ।

मकैमा गवारो कीराको रोकथामको लागि सेभिन विषादी ३-४ वटा गेडा प्रति बोट गुवोमा हाल्नाले नियन्त्रण हुन्छ । तराई, भित्री मधेश र बेंशीतिर वर्षे मकै साधारणतया वैशाखमा लगाउने गरिन्छ । जमिनलाई ४-५ पटक खनजोत गरी माटो बुरबुराउँदो बनाई प्रति हेक्टर (२० रोपनी वा ३० कट्टा) ८००-१००० डोको राम्ररी पाकेको गोवर वा कम्पोष्ट मल माटोमा राम्ररी मिलाउने र माटो जाँचको आधारमा रासायनिक मलको प्रयोग गर्नुपर्दछ । प्रति हेक्टर १५-२० के.जी. सम्म लाग्दछ । मकैलाई हलोको सियो पछाडि लाइनमा छरुवा गरेर रोप्ने गरिन्छ । लाइनमा मकै रोप्दा हारको दुरी ७५ से.मी.राख्नुपर्दछ । माटोको चिस्यान हेरी गहिराई ५ से.मी. कायम राख्नुपर्दछ ।

## कोशेवाली

### मुँग खेती :

मुंग गरम हावापानीमा फस्टाउन वाली हो । तराई र भित्री मधेशमा गहुँ काटेपछि मुँग खेती गर्ने गरिन्छ भने लगभग १५०० मिटर उचाईका इलाकाहरुमा चैत्र मध्येदेखि तापक्रम बढेपछि

मुँग लगाउन सकिन्छ । दोमट माटो तथा पानीको निकास राम्रो भएको जमिनमा यसको खेती राम्रो हुन्छ । जातहरु : पिं एस.-७, पूसा बैशाखी आदि हुन ।

## भटमास खेती :

भटमासलाई ठाउँ हेरी बैशाख अन्तिम हप्तादेखि जेष्ठको दोश्रो हप्तासम्ममा लगाएमा उत्पादन राम्रो हुन्छ । अम्लिय माटो भए २५-७५ के.जी. कृषि चून प्रति रोपनीका दरले प्रयोग गर्नुपर्दछ । बीउ ६० के.जी. प्रति हेक्टर (२० रोपनी वा ३० कट्ठा) लाग्दछ । भटमासलाई एक्लो बालीको रुपमा लगाउँदा हारको दूरी ५०-६० से.मी. र बोटको दूरी ५ से.मी. को फरकमा कायम गरी रोपिन्छ । मकैसँग भटमास लगाउँदा १ मिटर फरक लगाएको मकैको हारको दुवैतर्फ २५ से.मि. छोडी हारमा भटमास रोपे राम्रो उत्पादन लिन सकिन्छ । धान खेतको आलीमा लगाउँदा १० से.मी. फरकमा लगाउन सकिन्छ ।